# मानमिन समाचार

अंक २९  जुलाइ ३०, २०१७


## उलानबाटर र मङ्गोलिया मानमिन चर्चहरूमा आयोजित रूमालका चङ्गाइ सभाहरू

प्रेरित पावलको समयमा, उहाँको शरीरमा छोएर लगिएका रूमाल वा पछ्यौराहरू रोगी बिरामीहरूकहाँ लै जाँदाँ तिनीहरूका शरीरबाट रोग जान्थे र दुष्टात्माहरू निस्कन्थे (प्रेरित १९:११-१२) । यसरी नै, सिनियर पास्टर डा. जेरक लीले प्रार्थना गरिदिनुभएको रूमाल मार्फत्, उदेकका कार्यहरू प्रकट भएका छन् र विश्वका विभिन्न भागहरूमा रूमालका चङ्गाइ सभाहरू आयोजना भएका छन् ।




सन् २०१७ को मे महिनामा, योसु मानमिन चर्चमा सेवकाइ गरिरहनुभएको पास्टर ह्याङ्गयोप लीले (तस्वीर १) बौद्ध धर्मावलम्बीहरूको बाहुल्यता रहेको मंगोलियाको राजधानी शहर उलानबाटरमा रूमालको चङ्गाइ सभा आयोजना गर्नुभएको थियो ।

मे १९ मा, उलानबाटर मानमिन चर्चमा रूमालको पहिलो चङ्गाइ सभा आयोजना भएको थियो (मिसिनेरी अनबायार गनबतार) । पास्टर ह्याङ्गयोप लीले “चङ्गाइकर्ता परमेश्वर” (प्रस्थान १५:२६) शीर्षकमा वचन प्रचार गर्नुभयो, र सदस्यहरूको शिरमा शक्तिको रूमाल छुवाई प्रार्थना गरिदिनुभयो । भाई बदमकरब जो खुट्टामा भएको पीडाको कारण उठ्न र बस्न सक्नु हुन्नथ्यो, उहाँ तुरुन्तै पीडाबाट मुक्त हुनुभयो र छडी विना हिँड्न सक्ने हुनुभयो । बहिनी सेजेक, जो ढाडको पीडाको कारण सुत्न र बस्न सक्नु हुन्नथ्यो, उहाँले पवित्र आत्माको आगो प्राप्त गर्नुभयो र दुखाइबाट मुक्त हुनु भयो । अन्य थुप्रै मानिसहरू उच्च रक्तचाप, अर्धांगवात (आधा शरीर चलाउन नसक्ने गरी भएको पक्षघात) र हिँडाइ सम्बन्धी समस्याहरूबाट निको हुनु भयो (तस्वीर ४ र ६) ।

मे २१ को बिहानीको समयमा मंगोलिया मानमिन चर्चको १४ औं वार्षिकोत्सवको सेवा दौरान पास्टर ह्याङ्गयोप लीले २ कोरिन्थी ९:६-८ मा आधारित “छर्ने र कटनी गर्ने सम्बन्धी नियम” शीर्षकमा वचन दिनुभयो (मिसिनेरी बोटजोरिग प्युरेब) । दिउँसो, सदस्यहरूले टि.भी.बाट सिनियर पास्टर डा. जेरक लीले बिरामीहरूको लागि गरिदिनुभएको रेकर्ड गरिएको प्रार्थना ग्रहण गर्नुभयो र पास्टर लीले रूमालका साथ उहाँहरूको निम्ति प्रार्थना गरिदिनुभयो । थुप्रै मानिसहरू हिँडाइ सम्बन्धी समस्याहरू, बाथ, हरनियेटेड लम्बर डिस्क (मेरुदण्डको मुनितिर रहेको डिस्क वा चक्कामा भएको समस्या), उच्च रक्तचाप, अर्धांगवात (आधा शरीर चलाउन नसक्ने गरी भएको पक्षघात), मुटु र फोक्सो सम्बन्धी रोगहरूबाट निको हुनुभयो र धेरैको आँखाको दृष्टिमा सुधार आयो (तस्वीर २, ७ देखि ९) ।

मे २२ को बिहानीमा, पास्टर लीले अन्य चर्चहरूबाट आउनुभएका पास्टरहरूसित भेटघाट गर्नुभयो र डा. जेरक ली र मानमिनको सेवकाइको बारेमा उहाँहरूलाई जानकारी दिनुभयो (तस्वीर ३), र मे २० र २२ को दिउँसोको समयमा उहाँले चर्चका सेवकहरू र सदस्यहरूसित भेटघाट गर्नुभई उहाँहरूलाई सुझावहरू दिनुभयो । सहभागीहरूले आफ्नो हृदय खोल्न सक्नु भएको होस् भनी मानमिन कला प्रस्तुति समितिको पावर कोरस समूहले शक्तिशाली प्रस्तुतिहरू दिनुभएको थियो (तस्वीर ५) ।

## “मानमिन गवाही एप्स (मानमिन टेस्टिमोनी एप्लीकेशन) का साथ सुसमाचार प्रचार गर्नुहोस् !”





‘मानमिन टेस्टिमोनी’, एक मोबाइल एप्लीकेशन हो जुनचाहिँ सन् २०१७ को मे २२ मा शुरु भएको थियो । यसमा परमेश्वरको प्रेम र शक्ति अनुभव गर्नुभएका सदस्यहरूका गवाहीहरू समावेश गरिएका छन् ।

शक्तिशाली कार्यहरूको बारेमा प्रचार गर्दै मानिसहरू माझ सुसमाचार प्रचार गर्न यो एप्लीकेशन उपयोगी छ । यसमा चङ्गाइका गवाहीहरूलाई राम्ररी व्यवस्थापन गरिएको छ जसले गर्दा प्रयोगकर्ताहरू त्यो सूचीबाट लाभान्वित हुन सक्नुहुनेछ । यस एप्लीकेशन मार्फत् उहाँहरूले गवाही दिनुहुनेको तस्वीरहरू देखाइ अरूमाझ प्रचार गर्न सक्नुहुनेछ ।

त्यहाँ डा. जेरक लीको प्रार्थनाद्वारा शारीरिक अशक्तता, छाला चिलाउने समस्या, छालाको रोग, आगोले पोलेको, बाँझोपना, अटिज्म, डाउन सिन्ड्रोम, हृदयघात, मस्तिष्क रक्तस्राव, क्षयरोग, कमजोर दृष्टि, कमजोर श्रवण शक्ति, हारादा रोग (आँखाको नानीमा आएको समस्या), डेंडो पना, कम्मर र तिघ्राबीचको जोर्नीमा भएको संक्रमण, ब्रेन ट्यूमर, कार दुर्घटनाका प्रतिअसरहरू, काँधको हड्डी फुस्केको अवस्था, भाँचिएको नली खुट्टा, बाङ्गिएको मेरुदण्ड, हरनियेटेड लम्बर डिस्क (मेरुदण्डको मुनितिर रहेको डिस्क वा चक्कामा भएको समस्या), भोकल पोलिप (स्वर रज्जुमा मासु पलाउनु), पेरिटोनिटिस (पेट भित्र रहेका अङ्गहरूलाई ढाक्ने पातलो तन्तुमा भएको पीडा), मृगौला तथा मूत्राशयमा भएको पत्थरी र एम्निओरेहेक्सिस (एम्नियोटिक स्याक जसभित्र रहेको तरल पदार्थमा भ्रूण रहन्छ त्यसमा भएको समस्या) जस्ता समस्याहरूबाट चङ्गाइ पाएका गवाहीहरू छन् ।

जो कोहीले पनि रोगहरू र गवाही दिनुहुनेहरूको नाम खोजी गरी ती गवाहीहरू पढ्न सक्नुहुन्छ । साथै स्क्रिनको दाँयातिरको माथिल्लो भागमा सिनियर पास्टर डा. जेरक लीको बिरामीहरूको लागिको प्रार्थनाको चित्र (आइकन) पनि रहेको छ । तपाईंहरूले गुगल प्ले स्टोर मार्फत् यो एप्लीकेशन मोबाइलमा राख्न सक्नुहुन्छ । गुगल प्ले स्टोरको सर्च बक्समा "Manmin Testimony" टाइप गर्नुहोस् र एप्लीकेशन डाउनलोड गर्नुहोस् ।

# साँचो हृदय



डा. जेरक ली

“हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं” (हिब्रू १०:२२) ।

प्रभुको अमूल्य रगतद्वारा हामी पापहरूबाट क्षमा पाई परमेश्वरका छोराछोरीहरू भएका छौं । अब, हामीले परमेश्वरको वचन र प्रार्थनाद्वारा स्वयम्लाई पवित्र बनाउनु पर्दछ (१ तिमोथी ४:५) । हाम्रो खराब विवेक हटेर गई हामीमा विश्वासको पूर्ण भरोसा भएको साँचो हृदय भएको खण्डमा, हामीले प्रार्थनामा मागेको जुनसुकै कुरा पनि हामी प्राप्त गर्न सक्नेछौं (हिब्रू १०:२२; १ यूहन्ना ३:२१-२२) ।

परमेश्वरले चाहनु भएको जस्तो साँचो हृदय हासिल गर्नको लागि हामीले के गर्नुपर्छ भन्ने कुरा आज हामी हेर्नेछौं ।

### तपाईंमा असत्यता हुनुहुँदैन ।

कलस्सी ३:९-१० ले भन्दछ, “एउटाले अर्कालाई नढाँट, किनकि पुरानो स्वभाव त्यसका चलनसमेत तिमीहरूले त्यागेका छौ, र नयाँ स्वभाव धारण गरेका छौ, जो आफ्नो सृष्टिकर्ताको रूपअनुसार ज्ञानमा नयाँ भइरहेको छ ।” हामीले जानीजानी होस् वा अनजानमा होस् झूट बोल्नुहुँदैन ।

केही मानिसहरू बोल्दा वा सूचना दिँदा त्यो कुरा सत्य हो कि होइन भनी जाँच्दै नजाँची सत्यझैं बताउने गर्दछन् । केहीले भने आफ्नो अनुमानलाई सत्य तथ्य जस्तै गरी बताउने गर्दछन् । केहीले भने केही कार्य गर्नेछु भनी भन्दछन् तर तुरुन्तै त्यसलाई बिर्सिहाल्दछन् । यसका साथै तिनीहरूमा असत्यता भएको खण्डमा तिनीहरूले अप्रासंगिक उत्तरहरू दिने गर्दछन् ।

मानौं कुनै मिशन समूहको अध्यक्षले अगुवाहरू मध्ये एक जनालाई सभामा उपस्थित सदस्यहरूको संख्या गन्नका लागि भन्नुभयो । तर ती अगुवाले सबै सहभागीहरूको संख्या नगनी हचुवाको भरमा जानकारी दिनुभयो । त्यो सूचना सत्य थिएन । पछिबाट त्यस अगुवाले दिनुभएको सूचना गलत भएको पुष्टि भयो । सहभागीहरूको संख्यालाई ठीकसित नजाँचेको तथ्यलाई स्वीकार्नु पर्दा उहाँलाई लाज लाग्दछ । “जे हुनु थियो भई सक्यो” भन्ने सोची उहाँ आफ्नो गल्ती महसुस गर्नुहुन्न । यस प्रकार उहाँ झूठप्रति असंवेदनशील बन्नुहुन्छ ।

यदि उहाँले यस्तो कार्यलाई दोहोऱ्याई रहनुहुन्छ भने, उहाँका सहकर्मीहरूले उहाँसित असजिलो महसुस गर्नेछन् र उहाँको अनाज्ञाकारिताको कारण उहाँसित सहकार्य गर्न चाहने छैनन् । मानौं अध्यक्षले ती अगुवाको बारेमा अरूसित सोध्नुभयो, र यही मौकामा अन्य सहकर्मीहरूले उहाँको बारेमा भन्न थाल्छन् ।

“ऊ सधैं झूट बोल्छ । कोही पनि ऊसित काम गर्न चाहँदैन ।” के यो सत्य हो ? होइन । उहाँले सूचना त दिनुभयो तर संख्या गणना नगरी हचुवाको भरमा दिनुभएको थियो ।

तसर्थ, हामीमा साँचो हृदय भएको होस् भनी हामीले सधैंभरि प्रार्थना गर्नु पर्दछ र हाम्रा बोलीवचन तथा कार्यहरूमा असत्यतापूर्ण कुराहरू छन् कि भनी हरसमय आफैलाई जाँचेर हेर्नु पर्दछ । यदि हामीमा थोरै मात्र असत्यतापूर्ण कुराहरू छन् भने पनि हामीले जोशिलो प्रार्थनाद्वारा त्यसलाई त्याग्नु पर्दछ ।

### तपाईंमा परिवर्तन हुने मन हुनुहुँदैन ।

सत्यको परमेश्वर आफ्ना छोराछोरीहरूमा सोझो हृदय भएको चाहनुहुन्छ । एकपटक सत्यता जानेपछि, त्यसमाथिको तपाईंको विश्वास डगमगाउनु हुँदैन । सत्यता पछ्याउने मनस्थिति बनाइ सकेपछि, फेरि तपाईंले परिस्थिति अनुसार आफ्नो मनोवृत्ति परिवर्तन गर्नुहुँदैन ।

परिवर्तन हुने मनचाहिँ शरीरको स्वभाव हो । आफ्नो एकमात्र पुत्र दिनुहुने परमेश्वरको प्रेम र क्रूसको प्रभुको प्रेम सम्झँदा तिनीहरू आँसु बगाउने गर्दछन् । तर अर्को क्षणमा तिनीहरू संसारतिर हेर्दछन् र फेरि पापहरू गर्दछन् । यस्ता थुप्रै मानिसहरू छन् जसले प्राणघातक रोगहरू वा ठूला विपत्तिहरूबाट सुरक्षा पाएर पनि पछिबाट परमेश्वरलाई त्यागेर गएका छन् ।

केहीले भने गोठालोको बलिदानलाई महसुस गरी धन्यवादिताका आँसु बगाउँदै आत्मामा परिवर्तन हुनेछु भनी भन्ने गर्दछन् । तिनीहरू कडा परिश्रम पनि गर्दछन् तर सोचेको जस्तो परिणाम नआउँदा तिनीहरू निराश बन्दछन् । यसले तिनीहरूमा साँचो हृदय नभएको कुरालाई पुष्टि गर्दछ ।

गलाती ६:९ ले भन्दछ, “भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं ।” तपाईंको मन परिवर्तन हुने दर जति कम हुन्छ त्यति नै बढी मात्रामा तपाईंले परमेश्वर, प्रभु र गोठालोको प्रेमलाई विश्वास गर्न सक्नुहुनेछ । यदि तपाईंले आफूभित्र परिवर्तन हुने स्वभाव पत्ता लगाउनु भएको छ भने, आफूले गरेको प्रतिज्ञालाई पालना गर्ने बानी तपाईंले बसाल्नु पर्दछ ।

मानौं तपाईंले निरन्तर प्रार्थना गर्ने र हर रात दानियल प्रार्थना सभामा सहभागी हुने सोच बनाउनुभएको छ । तर, यदि तपाईंमा परिवर्तन हुने मन छ भने, कहिलेकाहीं तपाईं ढिलो आउनुहुनेछ वा छिटै जानुहुनेछ वा प्रार्थना सभा छुटाउनु हुनेछ । यदि तपाईंले यस्तो गरिरहनु भएको छ भने, तपाईंले फेरि एक पटक आफ्नो मनलाई दृढ पार्न सक्नुहुन्छ । एकपटक छुट्यो भन्दैमा तपाईंले त्यसलाई त्यक्तिकै छोड्नु हुँदैन । तपाई अर्को दिन सहभागी बन्न सक्नुहुन्छ । तपाईंलाई आफू परिवर्तन भएको महसुस हुन्छ भने, तपाईंले फेरि शुरु गर्न सक्नुहुन्छ । यदि तपाईंको मन फेरि परिवर्तन भयो भने, तपाईंले फेरि शुरु गर्न सक्नुहुन्छ । यसो गर्नु भयो भने, तपाईं आफ्नो हृदयलाई नियन्त्रण गर्न सक्ने व्यक्ति बन्न सक्नुहुनेछ ।

तपाई सभामा सहभागी हुने निर्णय गर्नुहुन्छ, तर समय भएपछि तपाई आफ्नो मन परिवर्तन गर्नुहुन्छ । तपाई यस्तो सोच्नुहुन्छ, “के म त्यहाँ जानै पर्छ र ? आखिर मेरो त्यहाँ कुनै जिम्मेवारी नै छैन, फेरि आफूलाई यहाँ भ्याई नभ्याई छ ।” यस प्रकारको परिस्थितिमा, तपाई आफूले गरेको निर्णयलाई पूरा गर्नको खातिर भएपनि त्यस सभामा जान सक्नुहुन्छ । मानौं तपाईंले कुनै व्यक्तिलाई सहायता गर्ने निर्णय गर्नु भएको छ । तर सहायता दिने समयमा, तपाईं हिचकिचाउनु भयो । यस्तो अवस्थामा, मनलाई परिवर्तन हुन नदिनको लागि तपाईं आफूले गरेको निर्णयलाई पूरा गर्न सक्नुहुन्छ । यस प्रकार धूर्त र परिवर्तन हुने मन परिवर्तन गर्नुहुन्छ भने तपाईंले छिटै नै साँचो हृदय सम्वर्द्धन गर्न सक्नुहुनेछ ।

### तपाईंले आफ्नो फाइदा खोज्नु हुँदैन ।

१ कोरिन्थी १०:२३-२४ ले भन्दछ, “सबै कुरा न्यायसङ्गत छन्, तर सबै कुरा फाइदाका छैनन् । सबै कुरा न्यायसङ्गत छन्, तर सबै कुराले सुधार गर्दैनन् । कसैले पनि आफ्नो भलाइ नखोजोस्, तर आफ्नो छिमेकीको भलाइ खोजोस् ।”

आज थुप्रै मानिसहरू अरूको नभई आफ्नै फाइदा खोज्दछन् । आफ्नो फाइदाको खातिर तिनीहरू विश्वास वा मूल्य मान्यतालाई त्याग्दछन् र अनैतिक कार्यहरू वा अमानवीय गतिविधिहरूमा सहभागी हुँदछन् ।

२ कोरिन्थी ११ अध्यायमा लेखिएझैं, सुसमाचार प्रचार गर्ने क्रममा प्रेरित पावल जेलमा पर्नु भएको थियो र थुप्रै पटक मृत्युको मुखमा समेत पुग्नु भएको थियो । उहाँ चढेको जहाज बिग्रिएको थियो र उहाँले आफ्नो जाति, अन्यजाति र झूटा भाइहरूबाट समेत जोखिमको सामना गर्नु परेको थियो । उहाँले निद्रा, भोक र तिर्खालाई सहनु परेको थियो र ठन्डी र नग्नतामा पर्नु भएको थियो । उहाँले आफ्नो सुख र सुरक्षा भन्दा पनि परमेश्वरको राज्य पूरा गर्ने कुरा ध्यान दिनुभयो । किनभने अरूलाई सुसमाचार प्रचार गर्न पाउँदा उहाँ आनन्दित बन्नुहुन्थ्यो ।

यदि तपाई आफ्नै फाइदा खोज्ने मनलाई त्याग्नुहुन्छ र प्रेरित पावलले जस्तै परमेश्वरको महिमा मात्र खोज्नुहुन्छ भने, परमेश्वर आनन्दित बन्नुहुनेछ र उहाँले तपाईंको जिम्मा लिनु हुनेछ । उहाँले तपाईंलाई विश्वासको पूर्ण भरोसामा साँचो हृदय हासिल गर्ने आशिष् दिनुहुनेछ र तपाईंले असंख्यक आत्माहरूलाई मुक्तिको मार्गमा डोऱ्याउन सक्नुभएको होस् भनी तपाईंलाई शक्ति दिनुहुनेछ । यसबाहेक, उहाँले तपाईंलाई स्वर्गमा महान् व्यक्ति बन्ने आशिष् पनि दिनुहुनेछ ।

यस प्रकार, जब तपाईं परमेश्वरको महिमा (१ कोरिन्थी १०:३१) र अरूको फाइदा खोज्नुहुन्छ, तब तपाईंले साँचो हृदय सम्वर्द्धन गर्न सक्नुहुन्छ ।

ख्रीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, तपाई आफ्नै सामर्थ्यद्वार सत्यतापूर्ण, अपरिवर्तनीय र आफ्नै फाइदा नखोज्ने साँचो हृदय हासिल गर्न सक्नुहुन्न ।

जोशिलो प्रार्थना, वचनको शस्त्र, परमेश्वरको अनुग्रह तथा सामर्थ्य र पवित्र आत्माको सहायताद्वारा मात्र तपाईंले यसलाई हासिल गर्न सक्नुहुन्छ । तपाईंले विश्वासको पूर्ण भरोसामा साँचो हृदय प्राप्त गर्नुभएको होस् र परमेश्वरको सिंहासन भएको नयाँ यरूशलेममा प्रवेश गर्नुभएको होस् भनी म प्रभुको नाउँमा प्रार्थना गर्दछु ।

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू ख्रीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू ख्रीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा “प्रेरितहरुको विश्वासको सार” द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन् ।

“किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।” (प्रेरित १७:२५)
“अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।” (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गुरो-३ डङ्ग, गुरो-गु, सियोल कोरिया (पोष्टल कोड ०८३८९)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन



# प्रभुमा नम्र मानिस

एउटा भनाइ छ, “फल धेरै लागेपछि हाँगा झुक्दछ ।” येशूले पनि भन्नुभएको छ कि आफूलाई नम्र तुल्याउने व्यक्ति नै स्वर्गीय राज्यमा सबैभन्दा महान् हुनेछ (मत्ती १८:४; २३:११) । नम्र व्यक्तिमा कपास जस्तै हृदय हुने भएकाले गर्दा, उहाँले थुप्रै मानिसहरूलाई अँगाल्न सक्नुहुनेछ र मानिसहरू उहाँ कहाँ आउनेछन् र सान्त्वना पाउनेछन् । अब हामी परमेश्वरले मान्यता दिनुहुने नम्रताका तीनवटा पक्षाहरूका बारेमा हेरौं ।

## बुँदा १ नम्र व्यक्तिका बोलीवचनहरू शालीन हुन्छन्

आफूलाई होच्याई अरूलाई उचाल्दा तपाईं नम्र ठहरिनु हुनेछ । नम्र व्यक्तिका बोलीवचनहरू शालीन हुन्छन् । उहाँहरू बोलीबचनहरूमा मात्र आफूलाई होच्याउने वा अरूलाई उचाल्ने गर्नुहुन्न तर आफूलाई भन्दा बढी अरूलाई मान्यता पनि दिनुहुन्छ । त्यसकारण उहाँहरू अरूप्रति आदरपूर्ण शब्दहरू प्रयोग गर्नुहुन्छ ।

उहाँहरू आफ्नो ज्ञानको मानकद्वारा अरूका कुराहरूलाई अवहेलना गर्ने वा अस्वीकार गर्ने गर्नुहुन्न । अरूले बोल्दै गर्दा उहाँहरू बीचमा बाधा पुऱ्याउनु हुन्न तर अन्तिम सम्मै उसले भनेका कुराहरू सुनिदिनुहुन्छ । कुनै कुरा सही जस्तो नलागे तापनि, उहाँ तुरुन्तै तिनीहरूलाई गलत ठान्नुहुन्न ।

आफूभन्दा सानाहरूले केही कुरा औँल्याइदिँदा उहाँहरू कष्टित महसुस गर्नुहुन्न तर धन्यवादिताका साथ त्यसलाई ग्रहण गर्नुहुन्छ । उहाँहरू आफ्नो दोष पत्ता लगाउन र आफूलाई परिवर्तन गर्न प्रयास गर्नु हुन्छ । यस प्रकारको हृदय नै नम्र हृदय हो ।

मानौं तपाईंको गल्तीको कारण तपाईंले हप्की पाउनुभयो । यदि त्यस कुराको निम्ति धन्यवादी हुन छोडेर तपाईं आफूभित्र खराब भावनाहरू धारण गर्नुहुन्छ र परिस्थिति बारे गनगन गर्नुहुन्छ भने, तपाईंमा घमण्ड भएको कुरालाई तपाईंले महसुस गर्नुपर्दछ ।

हामीले नम्र बोलीवचनद्वारा अरूलाई सान्त्वना दिन र समय सापेक्षित सुधारका बोलीवचनहरू बोल्न प्रयत्न गर्नुपर्दछ । तब मात्र हाम्रा शब्दहरूले सुन्ने व्यक्तिलाई अनुग्रह प्रदान गर्न सक्छ ।

## बुँदा २ नम्र व्यक्तिले स्वयम्लाई होच्याउनुहुन्छ र सबै कुराहरूमा अरूलाई सेवा पुऱ्याउनुहुन्छ

चर्चमा आदरको पदमा रहेको भन्दैमा नम्र व्यक्तिमा अरूबाट सेवा पाउने चाहना हुँदैन । साँच्चै नम्र व्यक्तिहरूले येशूले गर्नु भएको सेवाको उदाहरणलाई पछ्याउनुहुन्छ र उहाँहरूको विश्वास जति बढी हुन्छ त्यत्ति नै मात्रामा उहाँहरू विश्वासी दाजुभाइ तथा दिदीबहिनीहरूलाई प्रेम गर्नुहुन्छ र तिनीहरूको सेवामा आफैलाई समर्पित गर्नुहुन्छ ।

हाम्रो प्रभु येशू परमेश्वरसित समरूप हुनुभएर पनि उहाँले स्वयम्लाई रित्याउनुभयो र कमाराको रूप धारण गर्नुभयो । उहाँले सबै मानिसहरू अर्थात् सबै पापीहरूको सेवा गर्नुभयो । आफ्ना चेलाहरूको खुट्टा धोइदिनुभएर र सबै पापीहरूको छुटकारको मूल्य स्वरूप आफ्नो जीवन दिनुभएर उहाँले सेवाको एक सिद्ध उदाहरण देखाउनु भयो ।

त्यसोभए के हामीमा धेरै कुराको कमी छ र असमर्थ छौं भन्दै हामी संकुचित बन्ने त ? के यो खीष्टमा नम्र भएको मनोवृत्ति हो ? होइन । प्रभुमा साँच्चै नम्र हुनुभएका व्यक्तिहरूले फिलिप्पी ४:१३ मा लेखिएझैं “जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु” भन्ने स्वीकारोक्ति दिनुहुनेछ । त्यस्ता मानिसहरू सक्रिय बनेर परमेश्वरको काममा अग्रता लिनुहुन्छ, तर आफ्नो कुरा मान्न अरूलाई कर लगाउनु हुन्न । उहाँहरूले हार्दिकतापूर्वक अरूको सेवा गरी तिनीहरूलाई विश्वासयोग्य हुन सहयोग गर्नुहुन्छ । उहाँहरू आज्ञाकारिता, सेवा र प्रेमका साथ परमेश्वरका कार्यहरू गर्नुहुन्छ जसले गर्दा उहाँहरूले परमेश्वरका कार्यहरू पूरा गरी परमेश्वरलाई महिमा दिन सक्नुहुन्छ ।

जब हामी पूर्ण रूपमा आफूलाई नम्र तुल्याई अरूको सेवा गर्दछौं, तब हामीले अरूका गल्ती वा कमीकमजोरीहरू देख्ने छैनौं । हामीले तिनीहरूलाई बुझ्ने छौं । हामीले आफूलाई भन्दा बढी अरूलाई महत्व दिएकोले गर्दा, तिनीहरूबाट असल कुराहरू सिक्ने चाहना हामीमा हुँदछ । तिनीहरूबाट गल्ती भएतापनि, तिनीहरूले आफ्ना गल्तीहरू महसुस गरुन् भन्ने हेतुले हामी तिनीहरूलाई प्रेमका साथ हप्काउने छौं ।

## बुँदा ३ नम्र व्यक्तिले अपरिवर्तनीय रूपमा सदै व परमेश्वरलाई धन्यवाद दिनुहुन्छ

प्रेरित पावलले महान् र शक्तिशाली कार्यहरू गर्नु भएर परमेश्वरको राज्यलाई विस्तार गर्नुभएको थियो, तरैपनि उहाँले हरसमय आफूलाई नम्र तुल्याउनुभयो । उहाँले निरन्तर परमेश्वर र प्रभुमा आफ्नो धन्यवादिताको स्वीकारोक्ति दिनुभयो ।

“तर म जो छु, त्यो परमेश्वरको अनुग्रहले छु, र ममाथि भएको उहाँको अनुग्रह व्यर्थ भएन । बरु मैले त तिनीहरू सबैले भन्दा बढी परिश्रम गरें । तैपनि मैले होइनँ, मसँग भएका परमेश्वरको अनुग्रहले हो” (१ कोरिन्थी १५:१०) ।

“म खीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर खीष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो” (गलाती २:२०) ।

उहाँ यति नम्र हुनुहुन्थ्यो कि उहाँले स्वयम्लाई पूर्ण रूपमा इन्कार गर्नुभएको थियो र उहाँ केवल प्रभुको महिमा गर्न चाहनुहुन्थ्यो, त्यसकारण उहाँले सधैँभरि अनुग्रहको बारेमा स्वीकारोक्ति दिन सक्नुभयो । प्रभुमा विश्वास गर्नेहरूलाई सतावट दिने उहाँ जस्तो व्यक्तिलाई क्षमा दिनुहुने र अन्यजातिहरूका प्रेरितको रूपमा नियुक्त गर्नुहुने प्रभुको महान् अनुग्रहलाई उहाँले कहिल्यै पनि बिर्सनु भएन । उहाँले अनुग्रहलाई सधैँभरि पक्रिरहनु भएकोले गर्दा अन्तिम क्षण सम्म नै उहाँ विश्वासयोग्य हुन सक्नुभयो ।

नम्र मानिस सदैव आफूले प्राप्त गरेको अनुग्रहप्रति धन्यवादी बन्नुहुन्छ र कृतज्ञताको स्वीकारोक्ति दिनुहुन्छ । उचित अवसरहरूमा उहाँ कृतज्ञता प्रकट गर्नुहुन्छ । उहाँ आफ्नो पहिलो प्रेमलाई कहिल्यै पनि गुमाउनुहुन्न र त्यो भन्दा अझ बढी भरपूरिका साथ जीवन जिउनु हुन्छ । उहाँ आफ्ना सबै कर्तव्यहरू राम्ररी पूरा गर्नुहुन्छ र नम्र हृदयका साथ सबैको सेवा गर्नुहुन्छ ।

परमेश्वरलाई उहाँको अनुग्रहको निम्ति हर समय प्रार्थना र प्रशंसा गर्दै धन्यवाद चढाऔं । उचित समयमा हाम्रो कृतज्ञता प्रकट गरौं । यसो गर्नाले हामी सदैव परमेश्वरको प्रेम र आशिष्मा जिउन सक्नेछौं । “आफ्नो पतनको अघि मानिसको हृदय घमण्डी हुन्छ, तर आदर आउन अघि नम्रता आउँछ” (हितोपदेश १८:१२) ।

# “मलाई दृष्टिविहिन बनाउनै लागेको कोर्नियटिस् (आँखाको सेतो भाग वा कोर्नियामा भएको संक्रमण) बाट म निको भएँ !”



बहिनी स्येङ्ग्ह्यून जियोङ्ग (वर्ष २१, युवा मिशन, बीचमा)
आमा पास्टर स्योङ्गसुक चोई, स्योङ्ग्यून (माहिली दिदी), स्योङ्ग्ह्यूल (जेठी दिदी) र बुवा एल्डर तेक्सु जियोङ्गका साथमा

मेरो जन्मदेखि नै म चर्च जाने गर्दथेँ । तर माध्यमिक विद्यालयमा जान थालेपछि, ममा संसारप्रतिको उत्सुकता जाग्न थाल्यो । सन् २०१० को जुन महिनामा, मेरो साथीले मलाई जन्मदिनको उपहार स्वरूप कलर लेन्स (आँखाको नानीमा लगाउन मिल्ने रंगिन लेन्स) दिनुभयो र मैले त्यो लगाउन थालेँ । तर नोभेम्बर महिनादेखि, मेरो आँखामा समस्या देखिन थाल्यो । मेरा आँखाहरू रगत जमे जस्तै रातोरातो भयो र पिपहरू बग्न थाले । आँखाको पिडाको कारण म निदाउन पनि सक्दिनथेँ ।

ती लक्षणहरूले मलाई दु:ख दिइरहे । सन् २०११ को जनवरी महिनामा, मैले सिनियर पास्टर डा. जेरक लीको प्रार्थना ग्रहण गरेँ । शुरुमा त केही सुधार भएको जस्तो देखिएतापनि केही महिना पछि फेरि टाउको दुख्न शुरु भयो । बत्तीको उज्यालो मेरो आँखाले सहन सक्दैनथ्यो, त्यसकारण घरमा बस्दा म बत्ती निभाएर बस्दथेँ । सबै कुरा धमिलो देखिन्थ्यो । अवस्था झनै गम्भीर बन्दैजाँदा म आफू सामु रहेको व्यक्तिलाई पनि ठम्याउन सक्दिनथेँ ।

थपअझ, मलाई एटोपिक डर्मिटाइटिस् (छाला चिलाउने रोग) पनि लाग्यो । मेरा पाखुराहरू, घाँटी, अनुहार र खुट्टाहरूभरि रगतका टाटा र फोकाहरू थिए । म हरेक दिन रुन्थेँ र म विद्यालय जान सक्दिनथेँ ।

मेरो परिवारले कारण पत्ता लगाउन प्रयास गऱ्यो र मेरो बुबाले परमेश्वरको सामु गल्तीहरू गर्नुभएको कारण यस्तो हुन आएको कुरा पत्ता लाग्यो । मेरो बुवाले मलाई सबैभन्दा बढी प्रेम गर्नु हुने भएकोले गर्दा उहाँसितको आत्मिक बन्धनको कारण ममाथि यस्तो रोगहरू आइपरेको कुरा सिनियर पास्टरले हामीलाई बताउनुभयो । मेरो बुवाले एकदमै पश्चात्ताप गर्नुभयो र मेरो परिवारका सदस्यहरूले एकसाथ सिनियर पास्टरबाट प्रार्थना ग्रहण गऱ्यौं । अनि म छाला चिलाउने रोगबाट निको भएँ ।

तर मेरो आँखाको समस्या भने जस्ताको त्यस्तै थियो । सन् २०१२ को गर्मीयाममा, म अस्पताल गएँ, डाक्टरले छक्क पर्दै जीवाणुहरू मेरो अप्टिक नर्भ (आँखाका नसाहरू) मा जान लागेको कुरा मलाई बताउनुभयो । त्यसो भएको खण्डमा म दृष्टिहीन हुनेछु र यो औषधिद्वारा निको नहुने भएकोले गर्दा कोर्नियल (आँखाको सेतो भाग-कोर्निया) प्रत्यारोपण गर्नुपर्छ भनी उहाँले भन्नुभयो । त्यसबेला ममा विश्वासको कमी भएको कारणले गर्दा मैले औषधि सेवन गरेँ । दुई तीन महिना पछि परिस्थितिमा केही सुधार आयो ।

सन् २०१३ मा, म कला प्रस्तुति समिति अन्तर्गतको सुन्दर सुगन्ध नृत्य समूहको (ञ्चभबगतषगा ब्चकब म्बलअभ त्भक) सदस्य बनेँ । त्यस वर्षको अन्त्यतिर, फेरि आँखासित सम्बन्धित समस्याहरू देखा पर्न थाले । मेरो दैनिक जीवनमा समस्या हुन थाल्यो । मैले आत्मिक तवरले समस्याको समाधान खोज्नुपर्छ भनी मेरी आमाले मलाई सुझाव दिनुभयो ।

मैले कला प्रस्तुति समितिको अध्यक्ष पास्टर हिजङ्ग लीसित भेटेँ । परमेश्वरबाट नै चङ्गाइ पाउने मैले सोच बनाएँ । कोर्निया प्रत्यारोपणको निम्ति जम्मा गरेको पैसा मेरो परिवारले परमेश्वरमा भेटी दिनुभयो र परिवारका सबै सदस्यहरूले प्रतिज्ञाको प्रार्थना र रिले उपवास अर्पण गर्नुभयो । पश्चात्तापको निम्ति हामीले न्यायको मापदण्ड पूरा गर्न प्रयास गऱ्यौं । आँखाको रोगको कारण म परिवारमाथि भर पर्नु परेको थियो । बस नम्बर देख्न नसक्दा मैले बसहरू छुटाउने गर्दथेँ, एकचोटि त गुडिरहेको गाडीले झण्डै मलाई किचेको थियो र म आफ्ना नङ्गहरू समेत काट्न सक्दिनथेँ । सबैभन्दा दु:ख लाग्दो कुरा के थियो भने मलाई नाच्न मन लागेतापनि म नाच्न सक्दिनथेँ । कलेजको प्रवेश परीक्षामा समेत मेरो आँखामा भएको पीडाको कारण मैले मेरो क्षमता प्रदर्शन गर्न सकिनँ जसले गर्दा अर्को वर्षको प्रवेशिका परीक्षाको प्रतीक्षा गर्नुपऱ्यो ।

मेरो निम्ति समय एकदमै कठिन भएतापनि, मैले आराधना सेवाहरू छुटाइन र नासरत कोयर तथा सुन्दर सुगन्ध नृत्य समूहको (ञ्चभबगतषगा ब्चकब म्बलअभ त्भक) सदस्यको रूपमा मैले मेरा जिम्मेवारीहरू पूरा गर्न प्रयास गरेँ । संसारप्रतिको मेरो मोहलाई पूर्ण रूपमा त्याग्न सकूँ भनी मैले दानियल प्रार्थनामा निरन्तर प्रार्थना गर्न थालेँ ।

सन् २०१६ को मे महिनामा, सिनियर पास्टर मेरो सपनामा आउनुभयो र आँखाको अवस्था बारे मलाई सोध्नुभयो । मैले उत्तर पाउने छु भन्ने कुरामा म विश्वस्त थिएँ । मे २६ मा, मैले विश्वासका साथ सिनियर पास्टरसित हात मिलाए र उहाँको आँखामा हेरेँ । त्यस दिनदेखि मेरो आँखाबाट पिप बग्न बन्द भयो । मेरो आँखाबाट आँसु बग्न बन्द भयो र दृष्टिमा सुधार हुन थाल्यो ।

पछि अस्पतालमा गराएको आँखा परीक्षणको रिपोर्टले मेरो कोर्निया (आँखाको सेतो भाग) मा भएका दागहरू हराएर गएको र मेरो आँखाको दृष्टिमा सुधार भई ०.०५/०.०५ बाट ०.४/०.४ भएको देखायो हाल्लेलूयाह !

निको भएपछि मैले कलेजको प्रवेशिका परीक्षाको तयारी गरेँ तर समय छोटो थियो । यद्यपि सन् २०१७ को मार्चमा, म कलेजको कोरियाली परम्परागत नृत्य विभागमा भर्ना भएँ जहाँ म प्रवेश गर्न चाहन्थेँ । कोर्नियटिस् (आँखाको सेतो भाग वा कोर्नियामा भएको संक्रमण) बाट चङ्गाइ पाउने क्रममा, मैले परमेश्वरलाई भेटेँ र मेरो प्राणको उन्नति हुने आशिष् पाएँ । गोठालोको पुन: सृष्टिको शक्तिद्वारा म अझै आफूलाई परिवर्तन गर्न चाहन्छु । मेरो नृत्यद्वारा म परमेश्वरलाई महिमा दिन चाहन्छु । म सिनियर पास्टरलाई धन्यवाद दिँदछु जसले मेरो निम्ति प्रार्थना गरिदिनु भयो ।

## पवित्र आत्माको आगोको बप्तिस्माद्वारा, म मेरो काँधको जोर्नीमा भएको क्याल्सिनोसस् (काँधको हड्डीमाथि अनावश्यक रूपमा क्याल्सियम थुप्रिएको) बाट निको भएँ

दिदी जेनेट डबरे, वर्ष ५६, फ्रान्स



सन् २०१७ को फेब्रुअरी २० मा, कामको दौरान मैले मेरो बायाँ काँधमा एकदमै पीडा महसुस गरेँ । त्यो पीडा यति बढ्यो कि, कामबाट घर फर्कने बेलामा मैले दाहिने हातद्वारा मात्र गाडी चलाउन सकेँ । त्यो रात त मैले मेरो बाँया हात चलाउनै सकिनँ ।

चिकित्सकले मेरो काँधको जोर्नीमा क्याल्सिनोसस् (क्याल्सियम थुप्रिएको) कुरा भन्नुभयो । उहाँले केही हप्तासम्म सोनोग्राम (अल्ट्रासाउण्ड जस्तै शरीरमा उच्च ध्वनी पठाई त्यसभित्रको चित्र लिने प्रविधि) गर्दै अवस्था हेर्ने सुझाव दिनुभयो । यसका साथै त्यो लक्षण र पीडा बल्झिरहेमा शल्यक्रिया गर्नुपर्छ भनी उहाँले थप्नुभयो । यद्यपि, मेरो रोग के हो सो थाहा भएकोले गर्दा म जीवित परमेश्वरबाट निको हुन चाहन्थे ।

भोलिपल्ट साँझमा, म मानमिन केन्द्रीय चर्चमा आयोजित विशेष दानियल प्रार्थना सभामा सहभागी भएँ र मेरा विगतका गल्तीहरूका निम्ति पश्चात्ताप गरेँ । मैले अरूलाई बुझ्न नसकेको र न्याय गरेको कुरा पत्ता लगाएँ । मैले आँसुका साथ पश्चात्ताप गरेँ र पवित्र आत्माको आगोद्वारा ती सबैलाई जलाउनको लागि हार्दिकताका साथ प्रार्थना गरेँ ।

त्यसपछिको प्रार्थना सभामा, मैले पवित्र आत्माको आगोको बप्तिस्मा प्राप्त गर्नको लागि पनि प्रार्थना गरेँ । त्यसपछि, मेरो शरीर तातो भयो र म पसिनै पसिना भएँ । सबै पीडाहरू हराएर गए र थोरै भएपनि मैले बायाँ हात चलाउन सकेँ ।

त्यसपछिको सभामा समेत मैले पवित्र आत्माको आगो पाएँ । त्यसपछि, मैले मेरो बायाँ हात पूर्ण रूपमा चलाउन सकेँ । हाल्लेलूयाह !




एक्स-रे को स्क्यानमा, उहाँको पाखुराको हड्डी माथि क्याल्केरियोस (अनावश्यक रूपमा क्याल्सियम थुप्रेको) थुप्रेको थियो, तर पवित्र आत्माको आगोको बप्तिस्मा प्राप्त गर्नुभएपछि उहाँ पीडाबाट मुक्त हुनुभयो र पूर्ण रूपमा हात चलाउन सक्ने हुनुभयो ।